# कचनकवल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बनियानी, झापा

## १ नं. प्रदेश, नेपाल




# कचनकवल गाउँपालिकाको नीति तथा कार्यक्रम र वार्षिक बजेट

## आ.व.२०७६/०७७


www.khchankawalmun.gov.np
Email: kachankawala@gmail.com


*'मनोरम प्रकृति, धनहर सुपरजोन कचनकवलको सान-सुशासन सहितको दिगो विकास हाम्रो साझा अभियान'*

Scanned by CamScanner

कचनकवल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

गाउँपालिकाका अध्यक्ष श्री अञ्जरा आलमद्वारा गाउँसभा समक्ष प्रस्तुत

आ.व.२०७६।७७ को नीति तथा कार्यक्रम

कचनकवल गाउँपालिकाको आ.व. २०७६।७७ को नीति तथा कार्यकम प्रस्तुत गर्ने यस गरिमामय सभामा उपस्थितझापा जिल्ला निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिनिध सभा सदस्य मानिनिय राजेन्द्र प्रसाद लिङदेनज्यू, गाउँ सभाका उपसभामुखज्यु, गाउँसभाका आदरणीय सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहान्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने गरी नेपालको संबिधान जारी भएको ४ बर्ष वितिसकेको छ । वर्तमान संविधान जारी भएसंगै राज्यको पुनरसंरचना मार्फत स्थानीय सरकारको हैसियतमा स्थापित प्रदेश नं. १ को झापा जिल्लाको सुदुर दक्षिण पूर्वमा नेपालकै होचो भुभागमा अवस्थित कचनकवल गाउँपालिकाको निर्वाचित जनप्रतिनिधिको हैसियतमा विकास र सेवा प्रवाहको कार्यको जिम्मेवारी सम्हालेको पनि २ वर्ष पुरा भएको छ । यस अवसरमा आफ्नो अमूल्य जीवनको आहुती दिनु हुने ज्ञात अज्ञात शहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै हामीले जिम्मेवारी सम्हालेको यस अवधिमा कचनकवल गाउँपालिकाको समृद्धिमा निर्वाह गर्न सकेको भूमिकाको यथार्थपरक समीक्षाका साथ भावी कार्यभारको निरोपण गरी सोही वमोजिमका योजना तथा कार्यकम सञ्चालन गर्न आवश्यक रहेको कुरा यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहान्छु ।

"समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय लक्षलाई पुरागर्ने मूल अभियानमा यस गाउँपालिकाको तर्फबाट विषेश योगदान पुऱ्याउन **"कृषि, पर्यटन र पूर्वाधार - समुन्नत कचनकवल विकासको आधार"** भन्ने दीर्घकालिन सौँचलाई गन्तव्यको मुख्य मार्गको रुपमा स्वीकार्दै विद्यमान र भविष्यमा प्राप्त हुने सम्पूर्ण श्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रिकृत रहने गरी आगामी आर्थिक वर्ष २०७६/०७७ कालागि यस गाउँपालिकाले अवलम्बन गर्ने निर्देशक सिद्धान्त साथैयोजना तथा कार्यकममा आधारित बजेट तर्जुमा र सीमा निर्धारणकालागि स्वीकारिएका मार्गदर्शन र मार्गदर्शनमा आधारित नीति तथा कार्यकम देहाय बमोजिम रहेको यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

**१. निर्देशक सिद्धान्त:**

संघीय सरकारले परिकल्पना गरेको तथा वर्तमान परिवेशमा दिगो विकास लक्ष प्राप्तिको माध्यमबाट समृद्धिको न्यूनतम आधार तयार पार्न अति आवश्यक र महत्वपूर्ण देखिएका 'समृद्ध नेपाल सुखी नेपाली' को सपनासाथै कचनकवल गाउँपालिकाले स्थापित गरेको दीर्घकालीन सौँच तथा उक्त सौँचमा आधारित दिगो विकाससँग आवद्ध रहेका गन्तव्यहरू मार्फत समृद्ध गाउँपालिका निर्माणका लागि देहाय वमोजिमका निर्देशक सिद्धान्तहरू स्वीकारिएका छन् ।



अञ्जरा आलम

Scanned by CamScanner

- स्थानीय सरकार सञ्चालनकालागि आवश्यक सम्पूर्ण स्थानीय ऐन तथा नियमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,
- स्थानीय सरकारको रुपमा स्थापित गाउँपालिकाको जिम्मेवारीमा रहेका जनप्रतिनिधि तथा कर्मचारीकालागि आवश्यक आचार संहिता निर्माण गरी विकास निर्माण तथा सेवा प्रवाहलाई समय सापेक्ष प्रभावकारी बनाउने,
- कचनकवल गाउँपालिकाको समग्र भू-भागलाई उत्पादनमूलक बनाउन भू-उपयोग नक्सा तयार पारी भौतिक विकासको स्वरुप सुनिश्चित गर्ने,
- भू-उपयोग नक्साका आधारमा गाउँपालिकाको सम्पूर्ण भू-भागलाई वर्गिकृत गरी समृद्धि निर्माणको कार्यमा उपयोग गर्न २५ वर्षे लक्ष र योजना सहितको एकीकृत गाउँपालिका विकास योजना तयार गर्ने साथै यस कार्यमा गाउँपालिकावासीका आवश्यकताको पहिचान तिनिहरूकै सहभागितामा तयार गर्ने,
- गरिवी निवारण, आम्दानी र रोजगारी सिर्जना, समावेशी तथा दिगो विकास र वातावरण संरक्षणमा प्रत्यक्ष योगदान पुग्ने, लागत सहभागिता जुट्ने तथा निर्धारित समय सीमा भित्र सम्पन्न गर्न सकिने साथै स्थानीय श्रोत साधन र सीपको पर्याप्त प्रयोग गर्न सकिने टोल बस्ति हुँदै वडा समितिबाट प्राप्त भएका तथा श्रोत साधन र क्षमताको हिसावले वडाबाट सम्पन्न गर्न कठिन हुने गाउँपालिकास्तरीय योजना तथा कार्यक्रमहरूलाई प्रथम प्राथमिकता भित्र राख्ने,
- भौतिक पूर्वाधार निर्माणलाई गुरुयोजनामा आधारित दिगो र गुणस्तरीय बनाउने,
- दिगो विकास र वातावरण संरक्षण तथा सन्तुलनमा प्रत्यक्ष योगदान पुग्ने ठूला तथा मध्यम प्रकारका योजनाको पहिचान गरी सोही बमोजिम लगानिको सुनिश्चितता गर्ने,
- गाउँपालिकाको समग्र विकासकालागि संघीय तथा प्रदेश सरकारका नीति, योजना, कार्यक्रम तथा बजेट समेतलाई समन्वयात्मक एवं क्रियात्मक बनाउने,
- स्थानीय श्रोत र साधनको खोजी र विकासका माध्यमबाट गाउँपालिकाको दिगो आयको मार्ग पहिचान गरी कार्यान्वयनमा ल्याउने,
- गाउँपालिकावासी जनसमुदायको जीवनस्तर उच्च बनाउन कृषिको व्यवसायिकीकरणकालागि पकेट क्षेत्र घोषणा गरी कार्यान्वयनमा ल्याउने साथै बजार सञ्जालसँग आबद्ध गर्ने,
- नेपालकै होचो भू-भागमा रहेको केचना स्तम्भ रहेको स्थान लगायतका महत्वपूर्ण पर्यटक स्थललाई रोजगारी सिर्जना र आर्थिक उपार्जनका केन्द्रको रुपमा विकास गर्ने,
- वितरणमुखीतथा परम्परागत शैलीमा बजेट बाँडफाँड र विनियोजन गर्ने विगतको परिपाटीमा सुधार गरी वडाबाट प्राथमिकीकरण भएर आएका महत्वपूर्ण योजनाहरूको महत्व र प्राथमिकीकरणका आधारमा वडामा जाने बजेटको मिलिङ व्यवस्थापन गर्ने,



मेजर आलम
अध्यक्ष

Scanned by CamScanner

- संविधानको मूल मर्म र भावना साथै स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था बमोजिम स्थानीयबासीको सार्थक सहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकतामा राख्ने साथै काल्पनिक र देखावटी रुपमा हुन सक्ने उपभोक्ता सहभागिताको अन्त्य गर्ने,
- शिक्षा, स्वास्थ्य, लक्षित वर्ग र समुदायमा आधारित सामाजिक समावेशीकरण, संरक्षण तथा अवसरको सुनिश्चिताका माध्यमबाट समानता सहितको सामाजिक विकास र परिवर्तनको दिगो आधार निर्माण गर्ने,
- बालमैत्री स्थानीय शासनको पूर्ण कार्यान्वयनबाट सृजनशील र क्षमतावान मानवीय श्रोतको दिगो जग स्थापित गर्ने,
- गाउँपालिकाको दिगो आन्तरिक आयको सुनिश्चितताकालागि पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायी स्थानीय सरकारको संघीय परिकल्पनालाई साकार पार्ने सम्भाव्य सबै उपाय अवलम्बन गर्ने,
- उत्पादनमा आधारित आर्थिक आधारशीला निर्माण गरी आत्मनिर्भर आन्तरिक आयआर्जन तर्फ केन्द्रित रहने,
- नीजि क्षेत्र, सहकारी तथा सहयोगी र साझेदार संघ संस्थाको सार्थक उपस्थिति र साझेदारीलाई दिगो बनाउने तर्फ क्रियाशील रहने,
- बलियो र भरपर्दो संस्थागत संरचना निर्माणका साथ सेवा प्रवाहलाई सर्वसाधारण गाउँपालिकाबासीको पहुँच भित्र सहज रुपमा पुग्ने वातावरण सिर्जना गरी गाउँपालिकाबासीको विश्वासमा बढोत्तरी ल्याउने,
- सस्थागत सुशासन कायम गरी नीतिगत, संस्थागत, प्रक्रियागत तथा कार्यान्वयनगत तहमा हुन सक्ने सम्भावित भ्रष्टाचारको अन्त्यका लागि शुन्य सहनशीलता अपनाउने साथै सोही बमोजिमका स्थानीय ऐन कानूनको समेत तर्जुमा गरी कार्यान्वयन गर्ने,
- गाउँकार्यपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवा सुविधा दक्ष जनशक्तिको व्यवस्थापनबाट सहज र सम्भव पार्ने,
- संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा स्थानीय तह सञ्चालन ब्यवस्थापनमा प्रत्यक्ष सरोकार राख्ने प्रचलित ऐन कानून साथै संघीय तथा प्रदेश सरकारबाट प्रतिपादन भई कार्यान्वयनमा आउने ऐन कानूनको पूर्ण पालनामा प्रतिवद्ध रही गाउँपालिका सञ्चालन व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने,

**२. नीति, योजना, कार्यकम साथै बजेट तर्जुमा र सीमा निर्धारणकालागि स्वीकारिएका मार्गदर्शन:**

- स्थानीय सरकारको हैसियतमा कचनकवल गाउँपालिकाले सम्पादन गर्नु पर्ने कार्य जिम्मेवारीलाई स्थानीय ऐन कानूनको निर्माण गरेर मात्र सञ्चालन व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखिएको,



अध्यक्ष

Scanned by CamScanner

- विगत तथा चालु आर्थिक बर्षमा सञ्चालनमा आएका तर सम्पन्न हुन बाँकी बहुवर्षीय तथा अधुरा योजना तथा आयोजनाहरूलाई सम्पन्न गर्ने व्यवस्था गरिएको,
- योजनाको पहिचान, छनोट, प्राथमिकिकरण र तर्जुमा गर्दा टोल बस्ति, वडा हुँदै गाउँपालिकास्तर सम्म स्थानीयवासीको सार्थक सहभागितामा सम्पन्न गर्ने व्यवस्था गरिएको,
- वितरणमुखी बजेट विनियोजन प्रणालीको सुधार गरी आवश्यकता र महत्वको आधारमा बजेट विनियोजन तथा बाँडफाँड गर्ने नीतिलाई अवलम्बन गरिएको,
- समग्र गाउँपालिकाको समृद्धिमा सकारात्मक प्रभाव पार्ने, स्थानीयवासीको जीवनस्तर माथि उठाउन प्रत्यक्ष योगदान पुग्ने, रोजगारी सृजना गर्ने, आर्थिक उपार्जनमा सहयोग पुग्ने तथा ऐतिहासिक महत्व र क्षेत्रका ठूला तथा मझौला योजनालाई पहिलो प्राथकितामा राखिएको,
- विकासका समग्र उपलब्धिहरूमा गाउँपालिकावासीको अपनत्व, सहभागिता र उपभोगको सुनिश्चिता गरिएको,
- आर्थिक, सामाजिक पहुँच र राजनीतिक रुपमा पछाडि पारिएका तथा परेका वर्ग र समुदायलाई लक्षित गरी सामाजिक विकास र सुरक्षाका विषयमा योजना तर्जुमा गरी कार्यान्वयनको सुनिश्चितता गरिएको,
- संघीय तथा प्रदेश सरकारवाट प्रस्तावित भई आउने योजना तथा आयोजनालाई प्राथमिकताका साथ गाउँपालिकाको समृद्धि निर्माणमा उपयोग गरिने व्यवस्था मिलाइएको,
- संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, राजस्व बाँडफाँड समेत निशर्त तथा सशर्त प्राप्त हुने अनुदान साथै प्रदेश सरकार मार्फत राजश्व बाँडफाँडबाट प्राप्तहुने रकम र पूँजीगत सहयोग समेतलाई ध्यानमा राखी योजना तर्जुमाका वखत विशेष प्राथमिकताक्रमा राखिएको,
- संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त हुने राजश्व बाँडफाँडवाट प्राप्त हुने र गाउँपालिकाको आफ्नै आन्तरिक आयसङ्कलनवाट प्राप्त हुने रकमवाट मात्र गाउँपालिकाको प्रशासनिक खर्च व्यवस्थापन गर्ने गरी प्रशासनिक खर्चको सीमा निर्धारण गरिएको,
- गाउँ कार्यपालिका तथा वडा कार्यालयहरूबाट प्रवाह हुनेसबै प्रकारका सेवालाई सुविधा सम्पन्न प्रविधि मैत्री सेवा प्रवाह कार्यालय भवनको निर्माण, सूचना प्रविधिमा आधारित सेवा प्रवाह प्रणालीको विकास साथै दक्ष कर्मचारिहरूको व्यवस्थापन गरीसुशासनमा आधारित कार्यप्रणालीमा आवद्ध गर्ने कार्यलाई थप प्रभावकारिता ल्याउनेगरी व्यवस्थापन गरिएको ।

## ३. नीतिः

कचुनकवल गाउँपालिकाको दिर्घकालीन सोँच र समृद्धिमा आधारित विकास निर्माण तथा सुशासनमा आधारित प्रशासनिक व्यवस्थापन र सेवा प्रवाहलाई निर्धारित लक्ष प्राप्तिमा प्रतिफलदायी बनाउन देहाय वमोजिमका विषयगत तथा क्षेत्रगत नीति अवलम्वन गरिएका छन् ।



Scanned by CamScanner

३.१ भौतिक विकास:

- गाउँपालिकाको समग्र भू-भागलाई वर्तमान अवस्था र भावी सम्भावनाका आधारमा अध्ययन विश्लेषण गरी दीर्घकालीन सोंच र लक्षमा आधारित भू-उपयोग नक्सा सहित कृषि क्षेत्र, वन क्षेत्र, पर्यटक क्षेत्र, औद्योगिक क्षेत्र, बजार क्षेत्र, आवासीय क्षेत्र, धार्मिक क्षेत्र लगायतमा विभक्त गरी सोही बमोजिम भू-उपयोग गर्ने व्यवस्था मिलाईनेछ।
- भू-उपयोगमा आधारित भूमिको प्रयोग र व्यवस्थापनकालागि आवश्यक ऐन तथा नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।
- भू-उपयोग र व्यसबाट उत्पादकत्वमा पार्ने सकारात्मक प्रभाव साथै गाउँपालिकावासीको जीवनस्तर माथि उठाउन यसले गर्ने योगदानका बारेमा जनसचेतना सञ्चालनकालागि सबै वडाकार्यालय मार्फत "भू-उपयोग सचेतना जागरण जनपरिचालन अभियान"सञ्चालन गरिनेछ।

३.२ भौतिक पूर्वाधार विकास:

३.२.१ सडक तथा यातायात पूर्वाधार:

- सडक यातायात गुरुयोजना तयार गरी सोही बमोजिम वर्गिकरण गरिएकोआधारमा प्राथमिकता प्राप्त अति आवश्यक सडकहरूलाई बाह्रै महिना यातायात सञ्चालन सहित सहज आवगमन गर्न सकिने गरी सडक पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाईनेछ।
- सडक मापदण्ड बमोजिमको सेडब्याक छाडेर मात्र भौतिक पूर्वाधार निर्माण गर्नु पर्ने व्यवस्थालाई कडाईकासाथ कार्यान्वियनमा ल्याईनेछ।
- विद्युत प्राधिकरण तथा खानेपानी वितरण केन्द्रबाट सडक किनारामा जडान हुने विद्युत पोल तथा खानेपानी पाईपलाईनलाई गाउँकार्यपालिकाको योजना शाखाको समन्वयमा मात्र जडान तथा विस्तार गर्नु पर्ने गरी बाध्यात्मक तथा समन्वयात्मक व्यवस्था मिलाईनेछ।
- पर्याप्त पानी निकासको सुनिश्चितता भएपछिमात्र सडक कालोपत्रे गर्ने व्यवस्था मिलाईनेछ साथै सवारी आवागमनको चाप र क्षमताका आधारमा भार वहन क्षमता हिसाव गरी कालो पत्रे सडकमा पिचको मोटाईको मात्रा निर्धारण गरी सोही बमोजिम कार्यान्वियनको सुनिस्चित गरिनेछ।
- यातायात पूर्वाधार निर्माणसँग सम्बन्धित पुराना तथा चालु अवस्थाका आयोजनाहरूलाई पूरा गरिनेछ।

३.२.१.१ पुल तथा कल्भर्ट:

- हालसम्म संकलन भएका विभिन्न स्थानका पुल, कल्भर्ट तथा कज वे निर्माणलाई सकेसम्म यही आ.व. मा सम्पन्न गर्ने र सम्भव नभएका ठूला योजनाहरुको हकमा वहुवर्षिय योजनामा समावेश गरी एकै साथ निर्माण कार्यको थालनी गरिनेछ।



Scanned by CamScanner

- आवागमनको चाप, भारी तथा हलुका सवारीका साधन साथै सामान्य आवागमनको आधारमा आवश्यक स्थानको पहिचान गरी पक्की तथा कच्चि साथै झोलुङ्गे पुलको निर्माण गरिनेछ।
- पुल तथा कलभर्टको अभावमा एक वस्तिवाट अर्को वस्तिमा हुने आवागमनको कठिनाईको अन्त्य गरिनेछ।
- भौतिक पूर्वाधार विकास तथा अन्य निर्माण सम्वन्धी आयोजनाहरु कार्यान्वनका लागि टोल विकास संस्था गठन तथा सञ्चालन निर्देशिका, २०७५ लाई यथार्थ रुपमा व्यवहारमा कार्यान्वय गर्दै रु. पाँच लाखसम्मका आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ भने सो लागत भन्दा माथिका आयोजनाहरुको प्राविधिक पक्ष हेरी निर्माण व्यवसायीहरु मार्फत पूर्वाधार विकास निर्माण कार्य सञ्चालन गरिनेछ।

३.२.२ आर्थिक विकासमा आधारित भौतिक पूर्वाधार:

- कृषिका पकेट क्षेत्र, पर्यटक स्थल, उद्योग कलकारखाना लगायतका क्षेत्रमा सडक विस्तार र विकासको कार्यलाई प्राथमिकतामा राखिनेछ।
- व्यवसायिक कृषि तथा पशु विकास कार्यक्रम अन्तरगत कृषि उत्पादनकोवृद्धिकालागि आवश्यक मल तथा विउ भण्डारण कक्ष, भूमिगत तथा सतहसिचाईको व्यवस्था, आधुनिक यन्त्र उपकरण तथा मेसिनरी, विउविजनवैंक तथा पशुपालनका लागि पशुनस्ल सुधार गृह, नमुना आधुनिक गोठको निर्माण व्यवस्थापन, तालिम तथा सिप विकास केन्द्रको निर्माण विकास समेतमा सम्वन्धित व्यवसायी र सरोकारवालाको पहुँच अभिवृद्धि हुनेगरी आर्थिक विकासमा आधारित भौतिक पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकताका साथ अघि बढाईनेछ।
- जैविक विविधताको दृष्टिले अति महत्वपूर्ण जलथल जंगल र पर्यटकीय क्षेत्रको पूर्ण सम्भावना बोकेको नेपालको सवै भन्दा होचो भू-भागमा रहेको केचना स्तम्भ वरपर रहेको क्षेत्रलाई गुरुयोजना वमोजिम पूर्ण संरक्षण र विकास गरी संघीय तथा प्रदेश सरकारको समेत सहयोगमाराष्ट्रिय स्तरकोपर्यटक स्थलको रुपमा विकास गरिनेछ।
- औधोगिक विकासका लागि सम्भाव्य सवैखाले कुटीर, लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना गर्ने साथै ठूला तथा मझौला उद्योगहरुको स्थापना र विकासमा समेत गाउँपालिकाको तर्फवाट विशेष सहुलियत, सुविधा र अनुदान उपलब्ध गर्ने गराउने व्यवस्था मिलाई दिगो आर्थिक विकास र रोजगारी सिर्जनाको वलियो आधार निर्माण गरिनेछ ।
- कृषि तथा औद्योगिक उत्पादनलाई निर्यातमुखी बनाउन **"एक गाउँएक उत्पादन"**कार्यक्रमलाई प्राथमिकतामा राखी उक्त उत्पादनको बजारीकरणकालागि **"एक वडा एक व्यापारिक केन्द्र"**को स्थापना गरी आवश्यक भौतिक पूर्वाधार निर्माण गरिनेछ।
- खाद्य भण्डार, शित भण्डार, सङ्कलन तथा विक्री केन्द्रको लागि आवश्यक जग्गा व्यवस्थापन गरी विस्तृत डिजाईन सहित भौतिक पूर्वाधारको निर्माण गरिनेछ।



Scanned by CamScanner

- दैनिक तथा साप्ताहिक हाटबजारहरूको पूर्ण व्यवस्थापन गर्दै लगिनेछ । यसक्रममा सवै हाटवजारहरुमा रहेका टहराहरुलाई एकरुपता दिईने छ साथै वजार क्षेत्रमा सौर्य वतीको व्यवस्था गरिने छ ।

३.२.३ वातावरण विकासमा आधारित भौतिक पूर्वाधार विकास:

- फोहोरमैला प्रशोधन वा व्यवस्थापन केन्द्रका लागि जग्गाको व्यवस्थापन गरिनेछ ।
- फोहोरमैला प्रशोधन वा व्यवस्थापन केन्द्रका लागि आवश्यक भौतिक संरचना निर्माण गरी कार्यान्वनयमा ल्याईनेछ ।
- फोहोर सङ्कलन र ढुवानीका लागि आवश्यक ढुवानीका साधनको व्यवस्थापन गरी फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
- फोहोर संकलनबाट निस्कने प्लाष्टिक जन्य बस्तुबाट सञ्चालित उद्योग स्थापना गर्नेलाई प्रोत्साहन तथा अनुदानको व्यवस्था गरिने छ ।

३.२.४ सामाजिक विकासमा आधारित भौतिक पूर्वाधार:

३.२.४.१ शिक्षा तथा खेलकुद:

- आवश्यकताका आधारमा गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार (विद्यालय भवन, कक्षा कोठा, डेस्क बेञ्च, सौचालय, चेन्जिङ कक्ष, खानेपानी, खेलमैदान, घेराबारा, पुष्तकालाय, विज्ञान प्रयोगशाला, टिफिन सेड, विद्युतीय सेवा, पङ्खा लगायत) निमार्ण व्यवस्थापन गरी सुविधा सम्पन्न बनाईनेछ ।
- खेलकुदको विकासकालागि गाउँपालिकास्तरीय एक खेलमैदानको निर्माण गरी सञ्चालनमा ल्याईनेछ ।
- सवै वडाहरूमा एक-एक वटा वडा स्तरीय खेलमैदानको निर्माण विकास गरी अन्तर वडा खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

**३.२.४.२ स्वास्थ्य**

- गाउँपालिकाका विद्यमान प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकिहरूकालागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार (भवन, परिक्षण कक्ष, बिरामी आराम कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्रतिक्षालय, खानेपानी पूर्वाधार, सौचालय,विद्युतीय सेवा लगायत) को निर्माण व्यवस्थापन गरी सेवा प्रवाहलाई सहज तथा प्रभावकारी बनाइनेछ ।
- सवै वडामा खोपकेन्द्रहरूको निर्माण गरी महिला स्वास्थ्य स्वयम् सेविकाहरूले जुनसुकै मौसम र परिस्थितिमा समेत सहज सेवा प्रवाह गर्न सक्ने व्यवस्था मिलाईनेछ ।
- निर्माणाधिन अस्पतालको सञ्चालन व्यवस्थापनका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरी सुविधा सम्पन्न बनाईनेछ ।
- सार्वजनिक स्थलहरूमा जग्गाको व्यवस्था गरी सामुदायिक शौचालायहरूको निर्माण गरिनेछ ।



मन्जरी आलम
अध्यक्ष

Scanned by CamScanner

३.२.४.३ **खानेपानी:**

- गाउँपालिकाका घना बस्ति भएको साथै भविष्यमा यस प्रकारको अवस्था आउने सम्भावना रहेका मुख्य बजार केन्द्रहरूमा खानेपानी ओभरहेड टैंकीको निर्माण तथा पाईपलाईनको व्यवस्थापन गरी सुरक्षित खानेपानीको वितरण र उपभोगकको सुनिश्चितता गरिनेछ साथै यसकालागि प्रदेश तथा संघीय सरकारसंग समेत बजेट माग गर्ने व्यवस्था मिलाईनेछ ।
- ग्रामिण तथा पिछडिएको टोल बस्तिमा व्यवस्थित चौताल सहितका सामुहिक खानेपानी ट्यूवेलको जडान गरी सुरक्षित खानेपानीको सहज उपलब्धता गराईनेछ ।
- सार्वजनिक स्थलहरूमा खानेपानी पूर्वाधारको निर्माण गरी स्वस्थ र सुरक्षित पानीको सुनिश्चितता गरिनेछ ।

३.२.४.४ **सामुदायिक तथा समावेसी विकासमा आधारित भौतिक पूर्वाधार: (सभा सम्मेलन हल, सामुदायिक भवन तथा जेष्ठ नागरिक दिवा केन्द्र तथा संग्रहालय लगायत)**

- गाउँपालिका भित्र सञ्चालन हुने सवै प्रकारका सभा तथा सम्मेलन सञ्चालन गर्न सक्ने गरी करिव ५०० जना अट्न सक्ने **"कचनकवल समृद्धि सभा हल"** को निर्माण गरिनेछ ।
- प्रत्येक वडामा कम्तिमा करिव १०० देखि २०० जना सम्म अट्न सक्ने गरी१-१ वटासामुदायिक भवन निर्माण गरिने छ साथै सम्वन्धित सामुदायिक भवनको आसपासमा रहने गरी जेष्ठ नगारिक दिवा केन्द्रको निर्माण व्यवस्थापन गरी सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने सवै जातजातीको पहिचान झल्कने एक **"कचनकवल जातीय सांस्कृतिक सङ्ग्रहालय"** निर्माण विकास गरिनेछ ।

३.२.५ **वित्तीय व्यवस्थापनमा आधारित भौतिक पूर्वाधार**

- वित्तीय व्यवस्थापनकालागि आवश्यक कक्षको निर्माण व्यवस्थापन गरिनेछ ।
- कम्प्यूटरको माध्यमबाट समग्र वित्तीय प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन गाउँकार्यपालिकाको भवनमा केन्द्रिय सर्भर जडान गर्ने साथै सवै वडामा कप्यूटर नेटवर्क तयार गरी सर्भरमा आवद्धता गराईनेछ ।

३.२.६ **संस्थागत सुदृढीकरण र व्यवस्थापनमा आधारित भौतिक पूर्वाधार:**

- गाउँ कार्यपालिकाको कार्यालय भवन निर्माणका लागि आवश्यक जगगाको व्यवस्था भई सकेकोले सेवा प्रवाहलाई सहज र सुविधा सम्पन्न बनाउन कार्यकक्ष, सेवा प्रवाह कक्ष, प्रतिक्षालय, बैठक कक्ष, सभाहल, सौचालय, सुरक्षित खानेपानी सहितको सुविधा सम्पन्न गाउँकार्यपालिका भवनको निर्माण गरिनेछ ।



मन्जस आलम
अध्यक्ष

Scanned by CamScanner

- आफ्नै कार्यालय भवन नभएका वडा कार्यालयकालागि सुविधा सम्पन्न वडाकार्यालयहरू निर्माण गरिनुको साथै साँगुरो स्थानबाट सेवा प्रवाह गरिरहेका वडाकार्यालयहरूको कार्यालय भवनमा थप पूर्वाधार निर्माण विकास गरी स्तरोन्नती गरिनेछ ।
- गाउँकार्यपालिका हाता भित्र GISप्रविधि सहितको एकीकृत सूचना केन्द्र वा कक्षको निर्माण गरिनेछ ।
- सेवाग्राहीका सवारीका साधनको सुरक्षा व्यवस्थाका लागि व्यवस्थित पार्किङ स्थलको निर्माण गरिनेछ ।
- कार्यपालिका भवन तथा वडा कार्यालयको भवनमा समेत आवश्यक फर्निचर तथा यन्त्र उपकरणको व्यवस्था मिलाईनेछ ।

३.२.७ भूकम्प प्रतिरोधी, बालमैत्री तथा अपाङ्गमैत्री र वातावरणमैत्री व्यवस्था:

गाउँपालिका क्षेत्र भित्र निर्माण हुने व्यक्तिगत, पारिवारिक तथा संस्थागत भौतिक पूर्वाधारहरू अनिवार्य रुपमा भूकम्प प्रतिरोधी, बालमैत्री तथा अपाङ्गमैत्र र वातावरण मैत्री बनाउन अनिवार्य गरिनेछ ।

आदरणीय गाउँसभाका सदस्यज्यूहरू

यस आर्थिक वर्षबाट गाउँपालिकाले अवलम्बन गर्ने विकास निर्माण र सेवा प्रवाहकाकार्यहरूको हकमा भौतिक पूर्वाधार निर्माण विकासका कार्यलाई अलग नीति,योजना, कार्यक्रम र बजेट व्यवस्थापन गर्ने तथा भौतिक पूर्वाधार बाहेकको हकमासम्बन्धित विषयगत शीर्षक मार्फत नीति, योजना, कार्यक्रम तथा बजेट व्यवस्थापन गरिने भएबाट विषयगत आधारमा भौतिक पूर्वाधार निर्माण बाहेकका क्षेत्रगत र विषयगत योजना तथा योजनामा आधारित कार्यक्रम कार्यान्वयनकालागि आवश्यक नीति देहाय बमोजिम प्रस्तुत गरेकोछु ।

३.३ आर्थिक विकास:

- व्यवसायीक कृषि तथा पशुपालन योजना तथा यस अन्तरगत सञ्चालन गरिने कार्यक्रमकालागि पकेट क्षेत्र घोषणा र व्यवस्थापन सम्बन्धी कार्यलाई भू-उपयोग योजनामा आवद्ध गर्ने र उक्त क्षेत्र र कार्यको दिगो विकासकालागि भू-उपयोगमा आधारित व्यवसायिक कृषि तथा पशुपालन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- कृषिका पकेट क्षेत्र वा सुपर जोन निर्माणकालागि वडा नं. १ लाई मकै क्षेत्र, वडा नं २, ३ र ४ लाई धान क्षेत्र, वडा नं. ५ लाई तरकारी क्षेत्र लगायतको व्यवस्थापनकालागि अन्य वडालाई समेत समेटेर उक्त क्षेत्रलाई कृषिका पकेट क्षेत्र समेत घोषणा गरी गाउँपालिकाको व्यवसायिक कृषि कार्यक्रमसँग आवद्ध भएका धान, मकै, गहुँ, दालहन, तेलहन, सनपाट लगयत तथा व्यवसायिक पशुपालन (गाई, भैंसी, खसी, बाखा, सुंगुर बंगुर, कुखुरा लगायत) को विकास र विस्तारकालागि सहुलियत दरमा उन्नत जातको बिउविजन, मलखाद, आहार, उपचार विधि लगायतका आवश्यक सेवा उपलब्ध गराई सम्पूर्ण गाउँपालिकावासीलाई कृषियाली तथा



Scanned by CamScanner

पशुवाली व्यवसायिक उत्पादनमा आकर्षित गरि सबै पक्ष अथवा संस्थागत सञ्चालन उद्योग सञ्चालन गर्न चाहेमा त्यस्ता उद्यमीहरूलाई प्रोत्साहन र अनुदानको व्यवस्था गरिनेछ। यसकालागि प्रदेश र संघीय सरकारको समेत सहयोग जुटाउने तर्फ विशेष ध्यान दिइनेछ।

- कृषकहरुलाई पशुपालन व्यवसायमा प्रोत्साहन गर्न गाउँपालिका भरिका सबै किसानहरुलाई गाई भैंसी र बाख्राका लागि कित्रीम गर्भाधान सेवा निःशुल्क रुपमा उपलब्ध गराइने छ।
- रेविज रोग विरुद्धको अभियान सञ्चालनका लागि वर्षको दुई पटक रेबिज विरोधी अभियान गरिने छ भने छाडा चौपायाहरुलाई वन्ध्याकरण सेवा समेत सञ्चालन गरिने छ।
- खेत बाँझो नराख्ने कार्यमा कृषकहरुलाई प्रोत्साहित गरिनेछ। यस क्रममा कृषक वर्ग तथा समूहलाई खेत बाँझो नराख्ने शर्तमा भूमिगत सिचाईका लागि आवश्यक सहयोग प्रदान गरिनेछ र यस अघि भूमिगत सिचाईका लागि मोटर बोरिंग प्राप्त गरेका कृषकहरुलाई समेत पुनः गाउँपालिकामा झिकाई शर्तहरु लागू गराइने छ।
- खाद्य भण्डार, शित भण्डार, सङ्कलन तथा बिक्री केन्द्रको दिगो व्यवस्थापन गरी किसानहरुबाट उत्पादन गरिएका खाद्यान्न, तेलहन, दलहन लगायतका कृषि उपजहरुको उचित मूल्य प्राप्तिको सुनिश्चितता गर्नुको साथै बजार सञ्जाल निर्माण गरी उत्पादित वस्तुहरुको बिक्री वितरणको दिगो व्यवस्थापन गरिनेछ।
- व्यवसायिक रुपमा उत्पादित कृषि उपज तथा उत्पादनहरुको बजार तथा मूल्य सुनिश्चित बनाउन बजार सूचना केन्द्रको स्थापना र त्यस मार्फत बजार सञ्जालको विकास र विस्तारका लागि गाउँपालिकाले व्यपारिक दूतको समेत भूमिका निर्वाह गर्ने व्यवस्था मिलाइनेछ।
- जैविक विविधताले भरिपूर्ण भएको जलथल जंगल, नेपालको सबै भन्दा होचो भाग केचना र यस गाउँपालिकामा रहेका सम्भावित पर्यटकीय क्षेत्र र स्थलहरुलाई प्रवर्द्धन, शिक्षाका अलावा आर्थिक उपार्जनको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ।
- कचनकवल गाउँपालिकाको आर्थिक तथा सामाजिक समृद्धिका लागि गायनक्षेत्रका नायक श्री **प्रमोद खरेललाई सद्भावना राजदूत** नियुक्त गरिने छ।
- यस गाउँपालिकामा स्थापना हुने साना तथा घरेलुउद्योग तथा रोजगारमूलक ठूला उद्योगहरुलाई प्रोत्साहन तथा अनुदानको व्यवस्था मिलाइने छ। यस क्रममा ३०० भन्दा बढी स्थानीयलाई रोजगार दिने वातावरणमैत्री उद्योग स्थापना गर्ने उद्योगीलाई सडक, बत्ती जस्ता पूर्वाधारहरुको व्यवस्था र १० वर्षसम्म स्थानीय कर नलाग्ने नीति अवलम्बन गरिने छ र अन्य व्यवस्थाहरु गाउँपालिकाले उद्योग नीति बनाई लागू गर्ने व्यवस्था समेत गरिने छ।
- यस गाउँपालिकाका उर्जाशिल युवायुवतीलाई आर्थिक उपार्जनको बलियो आधारको रुपमा विकास र परिचालन गर्नुको साथै स्थानीय पाठ्यक्रमको निर्माण गरी विभिन्न शिक्षण संस्था मार्फत आर्थिक उपार्जनमा आधारित व्यवसायिक शिक्षा कार्यक्रमको सञ्चालन गरिनेछ।
- यस गाउँपालिकाको दिगो आर्थिक विकासकालागि अनिवार्य सामाजिक सुरक्षा प्रदान गर्नु पर्ने बाहेकका सबै योजना तथा कार्यक्रमहरुलाई क्रमिक रुपले उत्पादकत्वमा आधारित बनाइनेछ।

- कृषि सहकारीलाई सो सहकारी संस्थाहरूले कृषिको विकासमा पुऱ्याएको योगदानको आधारमा प्राविधिक सहयोग उपलव्ध गराइने छ ।
- ६ कक्षा माथिका प्राविधिक धारका जेहन्दार विद्यार्थीको शिप र क्षमताका आधारमा एक निश्चित मापदण्ड समेत तयार गरी सम्बन्धित सरोकारवालालाई विशेष राहत उपलव्ध गराईनेछ ।

**३.४ वन तथा वातावरण विकास :**

- ठोस तथा तरल फोहोर मैलाको उत्पादनलाई श्रोतमा नै न्यूनीकरण र वर्गीकरण गरी व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईनेछ ।
- फोहोरमैला न्यूनीकरण तथा यसको दिगो व्यवस्थापन साथै फोहोरमैलाका कारण मानव स्वास्थ्य, समग्र वातावरण, आर्थिक क्षयीकरण साथै सामाजिक तथा सास्कृतिक विकासमा पार्ने प्रभाव तथा असरका वारेमा सवै गाउँपालिकाबासीलाई सुशिक्षित बनाईनेछ ।
- धुलो, धुँवा, ध्वनी नियन्त्रण तथा व्यवस्थापन गरी सो कार्यलाई सामाजिक तथा व्यक्तिगत जीवन पद्धतिसँग आवद्ध गरिनेछ ।
- यस गाउँपालिका अन्तरगत रहेका सवै सामुदायिक वनहरुको एकिकृत वन तथा वातावरण कार्ययोजना निर्माण गर्ने, वन पैदावार निकासी सम्वन्धी कार्य व्यवस्थित गर्नगुरुयोजना निर्माण गरी वन तथा वातावरण क्षेत्रको दीगो विकास, सम्वर्धन र प्रवर्धन लागि गाउँपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने गराउने, आय व्यय सम्वन्धी लेखापालनलाई पारदर्शी बनाउने कार्य समेत गरिने छ ।
- फोहोरमैला व्यवस्थापनका लागि सवै मुख्य वजारहरुमा फोहोर संकलनका लागि सड्ने र नसड्ने वस्तुका लागि अलग अलग कन्टेनरको व्यवस्था गरिनेछ ।
- सवै वजारहरुमा खुल्ला स्थानको अनिवार्य व्यवस्था गर्दै लगिनेछ ।
- मेची राजमार्गको वनियानी वजार खण्डको ५०० मिटर भागमा दायाँ वायाँ तथा मध्य भागमा सडक सौर्य वत्ति तथा वगैचाको व्यवस्था गरिने छ ।
- मुख्य सडकको दायाँ वायाँ वृक्षारोपण कार्यलाई प्रोत्साहित गरिने छ ।

**३.५ सामाजिक विकासः**

**३.५.१ शिक्षा तथा खेलकुद**

- विद्यालय जाने उमेरका सवै बालबालिकालाई अनिवार्य विद्यालय शिक्षाको सुनिश्चितता गरिनेछ ।
- सबै माध्यमिक विद्यालयहरुमा कम्प्युटर शिक्षा अनिवार्य गरिने छ । क्रमशः अन्य विद्यालयहरुमा समेत थप गरिदै लगिने छ ।



Scanned by CamScanner

- गुरुकुल तथा मदरशा शिक्षालाई विद्यालय शिक्षासंग क्रमशः आवद्ध गर्दै लैजाने व्यवस्था मिलाइने छ।
- कक्षा १२ सम्मका सवै विद्यार्थीहरुलाई निशुल्क अध्ययन अध्यापन गराइने छ।
- क्याम्पस तहमा अध्ययनरत गाउँपालिकावासी छात्राहरु जो यस गाउँपालिका भित्र स्थापित रहेको क्याम्पसहरुमा अध्ययनरत छन् ति सम्पूर्ण छात्राहरुलाई नि:शुल्क पठन पाठनको व्यवस्था मिलाइने छ।
- सवै वडाहरुमा एक एक नमूना वाल कक्षा सञ्चालन गरिने छ र क्रमशः अरु विद्यालयहरुमा समेत थप गर्दै लगिने छ।
- वाल विकास शिक्षिकाहरुका लागि र विद्यालयमा कार्यरत कर्मचारीहरुका लागि बार्षिक रु ५,०००/(पाँच हजार) का दरले प्रोत्साहन भत्ता उपलव्ध गराइने छ।
- विद्यालयमा भयरहित तथा बालमैत्री वातारणमा शिक्षा आर्जन गर्न पाउने बाल अधिकारको सुनिश्चितता गरिनेछ।
- सवै शिक्षकहरुलाई जवाफदेही वनाइने छ।
- सवै विद्यालयमा खेलकुद, सांस्कृतिक, व्यायाम (योग) शिक्षकको व्यवस्था गरिनेछ।
- सवै माध्यमिक विद्यालयहरुमा '**विद्यार्थी कृषि सहकारी**' स्थापनाका लागि प्रोत्साहित गरिनेछ।
- सवै विद्यालयहरुमा वाल क्लव तथा आमा समूहहरुको गठन गर्ने व्यवस्था मिलाइने छ।
- दक्ष, सिर्जनशील, प्रविधिमैत्री तथा कर्तव्यपरायण मानवीय श्रोतको विकासकालागि गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावारणको सुनिश्चितता गरिनेछ।
- उच्च शिक्षाका सवै तहलाई गुणस्तरीय बनाउन समन्वयको भूमिका निर्वाह गर्नुको साथै प्राविधक धारका शैक्षिक कार्यक्रमहरूलाई प्रत्यक्ष सहयोगको व्यवस्था गरिनेछ।
- विद्यालय उमेरबाटै बालबालिकाको सहभागिता रहने गरी सम्भाव्य सवै प्रकारका खेलकुद कार्यक्रमको बिकास र विस्तार गरी खेलकुदको क्षेत्रमा दक्ष र व्यवसायिक जनशक्तिको विकास गरिनुको साथै खेलको माध्यमवाट कचनकवलको पहिचान स्थापित गर्ने तथा खेलाडीहरूको सुनिश्चित भविष्य निर्माणमा आर्थिक र सामाजिक रुपले संरक्षण र सुरक्षा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।
- गाउँपालिकास्तरीय खेलकुद विकास समितिलाई पुर्नगठित गरी प्रभावकारी वनाइने छ।
- गाउँपालिका '**अध्यक्ष गोल्डकप**' वार्षिकरुपमा सञ्चालन गरिने छ।

**३.५.२ स्वास्थ्य:**

- गाउँपालिका वासीको जनस्वास्थ्यलाई ध्यानमा राखी प्रारम्भमा प्राथमिक स्वास्थ्य केन्द्र वनियानीमा '**सुलभ औषधी पसल**' को सञ्चालन गरिने छ।



Scanned by CamScanner

- किड्नीको समस्या भएका विरामीहरुका लागि प्राथमिक स्वास्थ्य केन्द्र वनियानीमा नियमित डाइलोसिस सेवाका लागि आवश्यक यन्त्र तथा जनशक्तिको व्यवस्था गरिनेछ।
- जेष्ठ नागरिकहरुका लागि सुगर, प्रेसर र मुटु रोगको औषधी निःशुल्क वितरण गर्ने व्यवस्था प्राथमिक स्वास्थ्य केन्द्र वनियानीबाट मिलाइने छ।
- २४ घण्टे प्रसुती सेवा सञ्चालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि मासिक रु १५००।- का दरले प्रोत्साहन भत्ता प्रदान गरी आएकोमा रु. ५००।- थप गरी मासिक रु.२०००।- प्रदान गरिने छ। यसैगरी ६० वर्ष पुरा भई अनिवार्य अवकाश पाउने वा सेवा गर्दाकै अवस्थामा मृत्यु हुने महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई एकमुष्ट रु. २५,०००।- र कदर पत्र दिई सम्मानपूर्वक विदाई गरिने छ।
- बालवालिकाको बाँच्न पाउने अधिकार, गर्भिणी आमाको स्वास्थ्य रक्षा, नवजात शिशुको स्वास्थ्य रक्षा, पोषण सेवा र सुरक्षा, 'खोप सेवा लगायतका सबै प्रकारका स्वास्थ्य रक्षासँग सम्बन्धित कार्यक्रमलाई एउटै डालोमा राखी "कचनकवल एकीकृत जीवन रक्षा" कार्यक्रम सञ्चालन गरी बालवालिकाको भ्रुण रक्षा सहितको जीवन रक्षा र आमाहरुको मातृत्व रक्षाको सुनिश्चितता गरिनेछ।
- स्वास्थ्य रक्षाका आधारभुत सेवाको सहज पहुँचको विकास, दक्ष जनशक्तिको व्यवस्थापन, आवश्यक औषधिको सहज र पर्याप्त उपलब्धता, स्वास्थ्य परीक्षणकालागि प्रविधमैत्री आधुनिक यन्त्र उपकरणको व्यवस्थापन, आपतकालीन सेवा प्रवाहको विस्तार समेतका आधारमा सबै उमेर समूह लगायत सबै वर्ग र तहका गाउँपालिकावासीको स्वास्थ्य क्षेत्रमा सहज पहुँच सहितको सेवा प्राप्तिको सुनिश्चितता गरिनेछ।
- सबै सामुदायिक विद्यालयमा अध्ययनरत बालिका तथा सार्वजनिक सेवामा कार्यरत किशोरीहरूका लागि सेनिटरी प्याडको प्रयोगको विकास र सुनिश्चितता गरिनेछ।
- दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, असहाय, वृद्धहरूको विशेष पहिचानका साथ स्वास्थ्य रक्षा र स्वास्थ्य व्यवस्थापनका क्षेत्रमा अभियान सञ्चालन गरिनेछ।
- निम्न आय भएका आदिवासी, जनजाती, दलित, पिछडावर्ग, लोपोन्मुख, अल्पसंख्यक जाती र अन्य समुदायको स्वास्थ्यपोचारमा पहुँच वृद्धिको कार्य गरिने छ। यस क्रममा यस वर्षबाट यस गाउँपालिकामा रहेका **'अल्पसंख्यक गन्धर्व जातीको निशुल्क स्वास्थ विमा'** कार्यक्रमको व्यवस्था गरिनेछ।
- स्वस्थ र सुरक्षित पिउने पानी उपलब्ध हुनु पर्ने गाउँपालिकावासीको आधारभूत आवश्यकताको परिपूर्ति गरिनेछ साथै पिउने पानीको गुणस्तर परीक्षणका लागि आवश्यक सयन्त्रको विकास गरिनेछ।

**३.५.३ लक्षित वर्ग तथा समुदायः**



Scanned by CamScanner

- लक्षित वर्ग र समुदाय समेतका अति विपन्न परिवारको पहिचान गरी खाना, आवास, शिक्षा, स्वास्थ्य, रोजगारी समेतको न्यूनतम आवश्यकताको परिपुर्तिको व्यवस्थापन गरी सामाजिक सुरक्षाको सुनिश्चिता गरिनेछ । साथै अतिविपन्न परिवारको आधारभूत आवश्यकताको परिपुर्तिकालागि **"अति विपन्न परिवार सामाजिक सुरक्षा कार्यविधि"** निर्माण गरी उनीहरूको जीवन रक्षाको सुनिश्चितता गर्न**"कचनकवल अति विपन्न परिवार सामिाजिक सुरक्षा कार्यक्रम"** सञ्चालन गरिनेछ ।
- विपन्न लक्षित वर्गका निम्ति विनियोजन हुने रकमलाई समेत सीप विकाससंग एकीकृत गरी सवै वर्ग, समुदायका विशेष रुपले पछाडि परेका तथा पारिएका महिला तथा यूवाहरूको सामाजिक, आर्थिक र राजनैतिक, सांस्कृतिक क्षमता र सीप विकासमा आधारित**"कचनकवल लक्षित वर्ग तथा समुदाय क्षमता तथा सीप विकास कार्यक्रम"** सञ्चालन गरिनेछ यसकालागि आवश्यक तालिक केन्द्र र **स्वरोजगार बैंक** समेत स्थापना गरी सोही तालिमकेन्द्र मार्फत शिप विकासका सवै कार्यक्रम र स्वरोजगार बैंक मार्फत स्वरोजगारी सिर्जना गरिनेछ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती आदिबासी लगायतका सवै लक्षित वर्ग र समुदायको आर्थिक,सामाजिक तथा सांस्कृतिक विकास, संरक्षण र प्रवर्द्धनमा आधारित कार्यक्रमहरू सञ्चालन व्यवस्थापन गरी सामाजिक समानताको दिगो आधार सहितको गाउँपालिका निर्माणको कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।
- पाइलट प्रोजेक्टकोरुपमा वडा नं. १ र २ मा मजदुर लक्षित नविकरणीय उर्जा विकास कार्यक्रम लागू गरिनेछ ।
- स्थानीय सवै जातजातीको सांस्कृतिक समूह गठन गरी कला तथा साहित्य र संस्कृतिको जगेर्ना, विकास र प्रवर्द्धनको आवश्यक व्यवस्था मिलाइने छ ।
- अधिकांश स्थानीय समुदायको सांस्कृतिक भावनालाई कदर गर्दै शिरुवा पर्वका दिन यस गाउँपालिका अन्तर्गतका सबै सरकारी अर्द्ध सरकारी कार्यालयहरुमा एक दिन सार्वजनिक विदा दिइने छ ।

**३.६ वित्तीय व्यवस्थापन:**

- कर तथा राजश्वका सम्भाव्य सवै क्षेत्रको सम्भाव्यता अध्ययन गरी उक्त अध्ययन प्रतिवेदनबाट प्राप्त सवैखाले कर तथा राजश्वका दायरा तथा दर निर्धारण गरिनुको साथै सोहि प्रतिवेदन मार्फत प्राप्त हुने सुझावहरूलाई कार्यान्वयनमा ल्याईनेछ ।
- संघीय तथा प्रादेशिक ऐन कानून साथै यसै गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था वमोजिम कर तथा राजश्व प्रशासन र व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।



मन्जरी आलम
अध्यक्ष

Scanned by CamScanner

- तरकारी तथा फलफूलसंग सम्बन्धित स्थानीय उत्पादनहरूलाई विशेष प्रोत्साहन स्वरुप स्थानीय रुपमा लाग्ने दैनिक तथा साप्ताहिक **हाटबजारमा खुद्रा विक्री गर्नेको हकमा हाटबजार कर नलाग्नेव्यवस्था** मिलाईनेछ ।
- पशुहाट सञ्चालनहुने बजारमा पशुहाट कर तथा गाउँपालिका तर्फका खोलामा जलकर लगाउने व्यवस्था मिलाईनेछ ।
- कचनकवल स्तम्भ, केचना झिल, वडो केचना र घेरावारी झिल लागायतका पोखरी तथा झिलहरुलाई गाउँपालिका आफैले माछा पालन तथा पर्यटकीय पूर्वाधारको विकास गरी गाउँपालिकाको मुख्य आय श्रोतकोरुपामा उपयोग गर्ने व्यवस्था मिलाइने छ ।
- कर प्रशासनलाई चुस्त दुरुस्त, पारदर्शी बनाउन कम्प्यूटरिकृत तथा नेटवर्किङ प्रणाली मार्फत सर्वसाधारणले घरमै बसी-बसी आफ्नो दायित्व भित्र पर्ने कर तथा राजश्व समयमानै भुक्तानी गर्न सकिने गरी **"गाउँपालिका कर तथा राजश्व एप"**प्रणालीको विकास गर्दै लगिनेछ ।
- गाउँपालिका तथा विद्यालयहरुको नाममा रहेको तथा ऐलानी पर्ती जग्गा जमिनको विवरण अध्यावधिक गरिनुको साथै सम्पति तथा दायित्वको अभिलेखलाई दुरुस्त बनाइनुको साथै आय व्यय प्रणालीलाई समेत व्यवसायिक लेखा प्रणालीमा आवद्ध गरिनेछ ।
- गाउँपालिकावासीलाई करका वारेमा नागरिकको दायित्व र कर्तव्यको बोध हुने गरी सवै वडामा तथा घर घरमा चेतनामूलक कर शिक्षा प्रदान गरी चेतना अभिवृद्धि गरिनेछ ।
- लेखा शाखाबाट गरिनुपर्ने भुक्तानीलाई कार्य सम्पन्न प्रतिवेदनका साथ भुक्तानीकालागि प्राप्त हुन आएका योजना तथा कार्यक्रमसँग सम्वन्धित फायलहरूलाई **टोकन प्रणालीमा** आवद्ध गरी भुक्तानी हुने दिन र समयको सुनिश्चितता गरिनेछ ।
- सरोकारवाला कुनै पनि व्यक्ति तथा संघ संस्थाले गाउँपालिकालाई तिर्न बाँकी कर तथा राजश्व सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।
- निर्माण सम्पन्न भई सञ्चालनमा रहेका भौतिक पूर्वाधारहरूको नियमित मर्मत सम्भारकालागि कार्यविधि समेत निर्माण गरी एक **मर्मत सम्भार कोषको** स्थापना गरी सञ्चालनमा ल्याईनेछ साथै यसकालागि रु ५ लाख भन्दा बढी लागतका सम्पूर्ण भौतिक पूर्वाधारसँग सम्वन्धित योजना, आयोजना तथा कार्यक्रमको कुल लागतको २ प्रतिशत रकम मर्मत सम्भार कोषमा जम्मा गर्न अनिवार्य गरी मर्मत सम्भारकालागि दिगो आर्थिक श्रोतको व्यवस्था गरिनेछ ।
- आन्तरिक लेखा प्रणालीलाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याईनेछ साथै बाह्य लेखा परीक्षणको कार्यलाई समयमा नै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाबाट हुने सवै खाले खर्चलाई व्यवस्थित र पारदर्शी बनाउन खर्च निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनुको साथै जिन्सी व्यवस्थापना लागि खरिद इकाई र कार्य निष्पादनको कामलाई कम्प्युटर प्रणालीमा आधारित बनाई सुव्यवस्थित गरिनेछ ।
- पेश्की नियन्त्रणकालागि एक निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।



Scanned by CamScanner

- वित्तीय व्यवस्थापनकालागि दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।
- लेखा परीक्षणको कार्यलाई समयमा नै सम्पन्न गर्ने साथै बेरुजु असुली प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।

३.७ संस्थागत विकास:

- गाउँपालकाकालागि अति आवश्यक स्थानीय कानूनको निर्माण गरी तत्काल कार्यान्वयनमा ल्याइनेछ ।
- सांगठनिक संरचनालाई सेवा प्रवाहको प्रभावकारितामा आधारित हुने गरी निर्माण गरिनेछ ।
- सबै वडासमितिको कार्यालय तथा कार्यपालिका हाताभित्र नागरिक-वडापत्र मार्फत गाउँपालिकाबासीलाई आधारभूत र अनिवार्य जानकारीका विषयवस्तुको बारेमा जानकारी गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाबासी लगायतका सबै सरोकारवाला व्यक्ति तथा संघ संस्थालाई सुशासनको प्रत्याभुति हुनेगरी संस्थागत सुशासनको दिगो व्यवस्थपन संयन्त्र निर्माण गरिनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सबै खाले सेवालाई थप प्रभावकारी बनाउन कार्य प्रवाह तालिका निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सबैखाले भ्रष्टाचार प्रति शून्य सहनसिलता अपनाइनेछ ।
- ऐन कानूनको परिधि भित्र रहेर आवश्यक जनशक्तिको व्यवस्थापन तथा उपलब्ध जनशक्तिको क्षमता विकासकालागि तालिम तथा अध्ययन भ्रमण समेतको व्यवस्था गरी सेवा प्रवाहलाई थप प्रभावकारी र जनमुखीबनाइनेछ ।
- अनुगमन तथा निरीक्षण, सार्वजनिक सुनुवाई तथा कार्यपालिकाको बैठकलाई नियमित र थप व्यवस्थित बनाइनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाहका साथै गाउँबासीका आवश्यक सूचना व्यबस्थापन र भौगोलिक तथा बसोबास सूचीकरण र सेवा प्रवाहकालागि GIS प्रणालिको विकास गरी सोही मार्फत सूचना प्रवाह सञ्चालन व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ ।
- छिमेकी गाउँ तथा नगरपालिका, सरोकारवाला संघ, संस्था तथा कार्यालयसँग समन्वय र साझेदारी विकासका लागि गाउँपालिकास्तरीय एक **"संस्थागत सञ्जाल समन्वय संयन्त्र"** को गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- जनप्रतिनिधि विहीन अवस्थामा यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने भवन, जग्गा जमिन, पार्क तथा पोखरी समेतका सार्वजनिक तथा यस गाउँपालिका तथा विद्यालयका सम्पत्तिहरू तात्कालीन समयमा विभिन्न व्यक्ति वा संघ संस्थालाई भाडामा दिईएकोमा त्यस्ता भाडा वा लिज वा ठेक्कामा दिएका सबै प्रकारका सार्वजनिक सम्पति समेत गाउँपालिकामै फिता गरिनेछ ।



बन्दरी आलम
अध्यक्ष

Scanned by CamScanner

- यस गाउँपालिकाको विकास र समृद्धिमा टेवा पुऱ्याउने उद्देश्यका साथ प्रत्येक वर्ष मिति र समय समेत निश्चित गरी **कचनकवल महोत्सवको** आयोजना गरिनेछ । यसका लागि कचनकवल महोत्सव सञ्चालन व्यवस्थापन निर्देशिका समेत निर्माण गरी कार्यान्वयन गरिने ।
- संस्थागत तथा सामुदायिक सद्भाव कायम राख्दै सबै खालका जातजाती, भाषाभाषी र समुदाय वीच एकापसी सहिष्णुता कायम राखी यस्ता गतिविधिलाई संस्थागत रुपमा विकास गर्नका लागि पौष २७ गते राष्ट्रिय एकता दिवशमनाइने र सो दिन यस गाउँपालिका अन्तर्गतका सबै सरकारी, अर्द्ध सरकारी कार्यालय र सामुदायिक विद्यालयहरुमा सार्वजनिक विदा दिइने छ ।
- गाउँपालिकाका सवै जनप्रतिनिधि, कर्मचारी, नागरिक समाजका अगुवा, सामाजिक संघ संस्था र सेवाग्राही सर्वसाधारण नागरिकलागि छुट्टा छुट्टै आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- जनप्रतिनिधिहरूको क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठि, अध्ययन अवलोकन भ्रमणको माध्यमबाट अनुभव आदान प्रदान समेत गरी गाउँपालिकाको समग्र विकास अभियानमा गुणस्तरीयता प्रदान गरिनेछ ।

आदरणीय गाउँ सभाका सदस्यज्यूहरू,

आ.व. २०७६।०७७ कालागि विषयगत तथा क्षेत्रगत रुपमा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरूले यस गाउँपालिकाको दिगो विकासमा यथेष्ठ मार्गदर्शन दिने र सोही मार्गदर्शन वमोजिम आगामी आर्थिक वर्षको योजना, योजनामा आधारित कार्यकम र वजेट प्रस्तुत हुने विश्वासका साथ उक्त नीति कार्यक्रममा पर्याप्त छलफल गरी पारित गरी दिनुहुन हार्दिक अनुरोध गर्दै विदा लिन चाहन्छु ।

धन्यवाद ।

..............................

अञ्जरा आलम

अध्यक्ष

कचनकवल गाउँपालिका, बनियानी,

झापा

मिति: २०७६।०३।१०



अञ्जरा आलम
अध्यक्ष

Scanned by CamScanner